रोल्पा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## लिवाङ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८०/०८१
च.न. 2352

मितिः २०८१/०२/२५
११४४ तछलाध्व पारु

श्री विषयगत शाखाहरु सबै,
श्री १० वटै वडा कार्यालयहरु,
श्री उपभोक्ता समितिहरु सबै,
श्री निर्माण व्यवसायीहरु सबै ।

विषयः आ.व. २०८०/८१ को अन्तिम भुक्तानी सम्बन्धमा ।

उपर्युक्त विषयमा स्थानीय सरकार सन्चालन ऐन २०७४ बमोजिम असार १० गते भित्र स्थानीय तहको नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु पर्ने प्रावधान छ । यस नगरपालिकावाट सम्झौता भई कार्यसम्पन्न भएका विकास आयोजनाहरु (निर्माण व्यवसायी/उपभोक्ता समितिहरु), वडा तथा शाखाहरुले लिनुपर्ने भुक्तानी असार १५ गतेभित्र अनिवार्य रुपले आर्थिक प्रशासन शाखामा पेश गरिसक्नु होला । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र नियमावली २०७७ अनुसार स्थानीय सन्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा हिसाब भिडान गर्नु पर्ने, चालु आ.व.मा फ्रिज भएर जाने रकमको एकिङ्ग गरी कोष तथा लेखा नियन्त्रक कार्यालय रोल्पामा फिर्ता गर्नुपर्ने, भुक्तानीका लागि काटिएका सबै प्रकारका करकट्टी रकमहरु चालु आ.व.भित्र बैकमा दाखिला गरिसक्नु पर्ने साथै कोष तथा लेखा नियन्त्रक कार्यालय रोल्पामा आय व्ययको प्रतिवेदन पेश गर्नु पर्ने भएकोले समयमै फाइल पेश गरि भुक्तानी लिनुहुन हार्दिक अनुरोध गर्दछौ । साथै तोकिएको समय सिमा मिति २०८१ असार १५ गतेभित्र पेश नभएका फाईलहरुको भुक्तानी हुन बाँकी रहेमा कार्यालय जवाफदेही नहुने र स्वयं भुक्तानी लिने व्यक्ति, फर्म, उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरु आफै जिम्मेवार तथा जवाफदेही हुनुपर्ने सम्पूर्ण सरोकारवालाहरुलाई जानकारीको लागि अनुरोध गर्दछौं ।

२०८१/२/२५
बसन्त गिरी
आर्थिक प्रशासन शाखा प्रमुख

२०८१/२/२५
रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय रोल्पा ।

श्री नगर प्रमुख तथा नगरप्रमुखको सचिवालय ।

श्री नगर उपप्रमुख तथा उपप्रमुखको सचिवालय ।

श्री सूचना प्रविधि शाखा- website मा राख्नुहुन र सूचना प्रवाह गर्नु हुन अनुरोध छ ।

Toll Free No. +977-166-086-44555 ☎Ph. +977-086-440071, ☎ Ph. +977-086440372

URL: https://www.rolpamun.gov.np, E-mail- rolpanagarpalika@gmail.com

CamScanner